आज मिति २०७६ बैशाख १२ गते बिहिबार दिनको ३:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ७२ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहायबमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापा मगर | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | सदस्य | |
| ५. | ३ नं. वडाका कार्यबाहक वडा अध्यक्ष श्री लक्ष्मी भण्डारी | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | सदस्य | |
| १०. | ८ नं. वडाका अध्यक्ष श्री राज कुमार लामा | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमापहरी | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | सदस्य | |
| १५. | महिला सदस्य श्री कविता खत्री | सदस्य | |
| १६. | महिला सदस्य श्री शारदा आचार्य | सदस्य | |
| १७. | महिला सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १८. | महिला सदस्य श्री मिना मगर | सदस्य | |
| १९. | प्रमुख प्रशासकीय अधिकृत श्री घनश्याम न्यौपाने | सचिव | |

**अन्य उपस्थिती** :-

१. वरिष्ठ अधिकृत श्री दिपक कुमार के.सी.

मिति २०७६/१/११ गते नगर प्रमुखज्यूबाट मिति २०७६/१/१२ गते नगर कार्यपालिकाको ७२ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगरकार्यपालिका बाट निर्णयका लागी पेश भएका विषयहरु छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| | | | |
|---|---|---|---|
| १. | योजन/कार्यक्रम समिक्षा सम्बन्धमा । | | • मिति २०७५/११/१२ गते नगर कार्यपालिकाको ६६ औं बैठकबाट, "आर्थिक वर्ष २०७५/०७६ को लागि विनियोजन भएका योजना तथा कार्यक्रमहरुको सम्झौता २०७५ चैत्र मसान्त सम्ममात्र गर्ने" भन्ने निर्णय भएता पनि सबै वडाहरुबाट उपभोक्ता समितिहरु गठन भई योजना सम्झौताका लागी नगरपालिकामा सम्पर्क हुन नआईसकेको हुँदा निशर्त तर्फका योजना/कार्यक्रम २०७६ बैशाख १० गतेसम्मका लागी मात्र सम्झौताको अवधि थप गर्ने निर्णय भए अनुसार सम्झौता हुन आएका योजना/कार्यक्रमहरुको सघन अनुगमन गर्ने निर्णय गर्ने। |
| २. | आगामी बर्षको बजेट तयारी सम्बन्धमा । | | • स्थानिय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ अनुसार आय व्ययको प्रक्षेपण गरी पुष मसान्त भित्र संघीय अर्थ मन्त्रालयमा पठाई संघीय सरकारबाट फागुन महिना भित्र र प्रदेश सरकारले चैत्र मसान्त भित्र बजेट सिमा पठाउनु पर्नेमा नेपाल सरकारबाट वित्तिय समानिकरण अनुदान रु. १०,४६,००,०००।- र राजश्व बाँडफाँडबाट रु. ६,१२,००,०००। बजेट सिलिङ्ग प्राप्त र प्रदेश आर्थिक मामिला मन्त्रालयबाट बजेट सिलिङ प्राप्त नभएको जानकारी प्राप्त भयो । |

| | | | |
|---|---|---|---|
| ३. | निर्देशिका, कार्यविधि र नियमावली बनाउने सम्बन्धमा । | | • यस नगरपालिकाको कार्यालयले दिने सेवा प्रभावकारी एवं गुणस्तरीय बनाउन निम्नानुसारका निर्देशिका, कार्यविधि र नियमावलीहरु तयार गर्न उपयुक्त परामर्शदातालाई छनौट गरी तयार गर्ने निर्णय गरियो ।<br>♦ सार्वजनिक खरिद नियमावली<br>♦ कर संकलन निर्देशिका<br>♦ बजार अनुगमन निर्देशिका |
| ४. | घरको अभिलेखिकरणको सूचना प्रकाशन गर्ने सम्बन्धमा । | | • नगरपालिकासँग अनुमति नलिई बनेका घरहरुको अभिलेखिकरण गर्न कार्तिक मसान्तसम्को म्याद तोक्ने र सो समयावधिसम्म अभिलेख हुन नआउने घरहरुलाई यथासिघ्र अभिलेखिकरण प्रक्रियामा आउन सूचना गर्ने निर्णय गरियो । |
| ५. | बेरुजु दाखिला सम्बन्धमा । | | • आ.ब. २०७४/०७५ मा महालेखा परिक्षकको कार्यालयले शशर्त अनुदान रु. १,२४,८५,०३७। र सामाजिक सुरक्षा तर्फ रु. २१, ६००। गरी जम्मा रु. १,२५,०६,६३७। बेरुजु कायम गरेको र सो रकम बेरुजु खातामा दाखिला गर्न कोलोनिकाबाट बारम्बार सुझाव प्राप्त भएको हुँदा आगामी नगरसभाबाट बजेट विनियोजन गरि फिर्ता गर्ने निर्णय गरियो । |
| ६. | दक्षिणकाली नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५ संशोधन सम्बन्धमा । | | • दक्षिणकाली नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५ को बुदाँ नं ४(छ) मा एक व्यक्ति एक भन्दा बढी उपभोक्ता समितिमा रहन पाउने छैन भन्ने उल्लेख भएकोमा पदाधिकारीहरु (अध्यक्ष, सचिव र कोषाध्यक्ष) बाहेक अन्य सदस्यहरु अरु उपभोक्ता समितिहरुमा पदाधिकारी एवं सदस्य बस्न पदमा बस्न बाधा नहुने गरी संशोधन गर्ने निर्णय गरियो । |
| ७. | शहरी विकास मन्त्रालयको पत्र सम्बन्धमा । | | • नेपाल सरकार शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभागको च.नं. ४११, मिति २०७५/०९/२० गतेको पत्रानुसार यस अघि साँस्कृतिक, धार्मिक महत्वका मठ मन्दिर लगायतका संरचनाहरुको संरक्षण विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास आयोजनाबाट हुदैं आएको र त्यस अन्तर्गत ६ वटा विभिन्न प्रबन्ध समितिहरु सञ्चालन भईरहेकोमा हाल सो आयोजना खारेज भएको हुदाँ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४(ज) बमोजिम पुरातत्व, प्राचिन स्मारक र संग्रहालय संरक्षण सम्बन्धी कार्य स्थानीय तहबाट नै गर्ने व्यवस्था भए अनुसार तहाँबाट नै |

| | | | |
|---|---|---|---|
| | | | संरक्षण र सञ्चालन गर्न हुन तथा प्रबन्ध समितिको खाता सञ्चालन सम्बन्धी निर्णय पनि प्रबन्ध समिति रहेकै स्थानीय तहबाट नै गर्नु हुन नेपाल सरकार (माननीय मन्त्री स्तर) को मिति २०७५/०९/१३ को निर्णयबाट त्यस प्रबन्ध समितिको संरक्षण र सञ्चालन तथा प्रबन्ध समितिको खाता समेत सञ्चालन गर्न भनि अनुरोध भईसकेको सम्बन्धमा यस कार्यालयबाट च.नं. २२७९ मिति २०७५/१२/१४ को पत्रबाट सोपत्रबाट श्री दक्षिणकाली क्षेत्र प्रबन्ध समितिलाई जानकारी गराईसकेको हालसम्म पनि उक्त क्षेत्र प्रबन्ध समितिले आफ्नो जिम्मामा रहेको सम्पत्ति, दायित्व र सम्पूर्ण कागजपत्रहरु यस नगरपालिकामा हस्तान्तरण गर्न ताकेता पत्राचार गर्ने साथै उक्त दक्षिणकाली क्षेत्र प्रबन्ध समितिको कार्यविधि तयार गर्ने निर्णय गरियो । |
| ८. | निशर्त तर्फको स्वास्थ्य शीर्षकको कार्यक्रम संशोधन सम्बन्धमा । | | • स्वास्थ्य तर्फको कुल विनियोजिक बजेट रु २५,००,०००। मध्ये महामारी व्यवस्थापनको रु. १ लाख, गाउँघर क्लनिक व्यवस्थापनको रु ५० हजार र स्वास्थ्य अवस्थाको बारेमा डकुमेन्ट्री तयारको रु. ५० हजार गरी जम्मा २ लाख बाट जेष्ठ नागरिक तथा अपाङ्ग भएका व्यक्तिहरुको स्वास्थ्य परिक्षण घरदैलो कार्यक्रम गर्ने गरी कार्यक्रम तथा बजेट स्वीकृत गर्ने निर्णय गरियो । |
| ९. | विविध | | • वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट चेक नं ००९६०४५६६३ बाट रु. ३० लाख यस नगरपालिकाको खातामा जम्मा भएको छ छैन एकिन गरि उक्त रकमबाट वैकल्पिक उर्जा प्रवर्द्धन कार्यका लागी दक्षिणकाली नगरपालिका वडा नं ४ बाट सिफारिस भई आएको उपभोक्ता समितिलाई सम्झौता गर्ने ।<br>• ब्याक ह्वो लोडरको सर्भिसिङ र नयाँ टायर खरिद गर्नु पर्ने भएको हुँदा आवश्यक प्रक्रिया पुरा गरि सर्भिसिङ र टायर खरिद गर्ने निर्णय गर्ने।<br>• त्रिभुवन आदर्श आवासिय मा.वि., दक्षिणकाली न.पा. ५ द्धारा विद्यालयलाई प्राविधिक क्याम्पस बनाउने उदेश्यले महायज्ञ समेत संचालन गरिरहेको अवस्थामा नगरपालिकाले विद्यालयको आगामी कार्यक्रम/योजनाको आधारमा कुनै एक महत्वपूर्ण योजना प्राविधिक क्याम्पस निर्माण गर्न बजेट विनियोजनको लागी पेश गर्ने ।<br>• नगरपालिकाको आफ्नै भवन नभएको हुँदा हाल फर्पिङ मा.वि.को भवनमा कार्यालय संचालन हुँदै आएको वार्षिक रुपमा भाडा समेत तिर्न नपरेको हुँदा हाल नगरपालिकाले प्रयोग गर्दै आएको फर्पिङ मा.वि.को |

| | | | |
|---|---|---|---|
| | | | उक्त भवनको स्वामित्व एकिन गर्नुका साथै नगरपालिकाले विद्यालयसँग समन्वय गरि हाललाई उक्त विद्यालयको कार्यक्रम/योजना अनुसार रु. ५ लाख अनुदान उपलब्ध गराउने निर्णय गरियो ।<br>• द.न.पा. ४ ले १ लाख लिटरको ट्याङ्की निर्माण कार्य सुरु गरेकोमा थप नपुग रकम के कति लाग्ने हो सोको प्राविधिक ल.ई. गर्ने र आगामी बैठकमा पेश गर्ने । |